जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १२७ २०७८ साल मंसिर २९ गते बुधबार (15 Dec. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा भित्रियो ‘बाइ प्लेन.. ३ पृष्ठमा : नागरिकता विहीनको गुनासो ... ३ पृष्ठमा चीनद्वारा अफगानिस्तानलाई ...

## हृदयेश त्रिपाठीको नेतृत्वमा जनता प्रगतिशिल पार्टी गठन




**दैनिक समाचारदाता**
**काठमाडौं, २८ मंसिर ।**

हृदयेश त्रिपाठीको नेतृत्वमा मंगलबार जनता प्रगतिशिल पार्टी गठन भएको छ ।

काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा नयाँ दल गठन बारे त्रिपाठीले जानकारी दिर्दै देशको राजनीतिलाई गतिशील बनाउन नयाँ पार्टी गठन गरेको बताए ।

देशमा वैचारिक बहस शून्य रहेको र वर्तमान अवस्थामा राज्यका तीनवटै अंगहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका प्रभावहीन तथा गतिहीन रहेको अवस्थामा संविधानको कार्यान्वयनलाई बाधा उत्पन्न भइ देशको राजनीति नै लिकभन्दा बाहिर गइरहेको देखिएको उनको भनाई छ ।

वर्तमान परिदृश्यमा दलहरुबीच न्युनतम साझा विषयहरुमा राष्ट्रिय सहमतिको नितान्त आवश्यक्ता रहेको भन्दै उनले, “यसले नै लिक बाहिर पुगेको राजनीतिलाई पुनः सही बाटोमा ल्याउनेछ र संविधानलाई चलायमान बनाउने छ ।” भने ।

पूर्वमन्त्री त्रिपाठीले संविधान संशोधन, लेखा परीक्षण,स्थानीय तहको सीमांकन, मुलुकको अर्थतन्त्र, मुख्य अन्नबालीको न्यूनतम समर्थन मूल्य निर्धारण, तराई मधेशका पारम्परिक पेशाहरुको संरक्षण, जन्मको आधारमा नागरिकता पाउनुपर्ने लगायतका कुराहरुमा आफ्नो पार्टीले वैचारिक बहस गर्ने बताए ।

त्रिपाठीको नयाँ पार्टी घोषणा कार्यक्रममा पूर्वसभामुख दमननाथ ढुंगाना, पूर्वअर्थसचिव रामेश्वर खनाल, राजनीतिक विश्लेषक तुलनारायण साहलगायत उपस्थित थिए । विभिन्न अनलाइन संचारमाध्यमबाट

## प्रेस सेन्टर सप्तरीको अध्यक्षमा दिनानाथ

**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

प्रेस सेन्टर नेपाल सप्तरीको अध्यक्षमा दिननाथ यादवलाई चयन गरिएको छ ।

अध्यक्ष मण्डलका सदस्यहरु अनिल कुमार अनल, देवराम यादव, राजु विश्वकर्मा, माला कर्ण र परमेश्वर प्रसाद मण्डलद्वारा मंगलबार जारि विज्ञप्तिमार्फत सो जानकारी दिइएको हो ।

जारि विज्ञप्तिमा २०७८ मंसिर १४ गते सम्पन्न अधिवेशनवाट अध्यक्षमा यादवलाई चयन गरिएको उल्लेख छ ।

अध्यक्ष मण्डलले सक्रियता, संगठनप्रति जवाफदेही वोध हुने विश्वासका साथ प्रेस सेन्टर नेपाल सप्तरीका अध्यक्षमा दिनानाथ यादवलाई चयन गरिएको विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी अध्यक्ष यादवको नेतृत्वमा १५ सदस्यीय कार्य समिति पनि चयन गरिएको विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

**घडेरी जग्गा बिक्रीमा**

जनकपुरधाममा मुजेलियास्थित घडेरी जग्गा बिक्रीमा

**सम्पर्क : 9851071430**

## तराई मधेस लोकतान्त्रिक पार्टी निर्वाचन आयोगमा दर्ता

**दैनिक समाचारदाता**
**धनुषा, २८ मंसिर ।**

तराई मधेशमा मंगलबार पुनः एक दल थपिएको छ । रविशंकर कुमार कर्णको अध्यक्षतामा तराई मधेस लोकतान्त्रिक पार्टी निर्वाचन आयोगमा दर्ता गरिएको हो ।

सो दलको दर्ता नम्बर १७५ रहेको र दलको केन्द्रीय कार्यालय जनकपुरधाम नै राखिएको अध्यक्ष कर्णले जानकारी दिए ।

अध्यक्ष कर्णले गत साउन १२ मा नयाँ दल दर्ताका लागि आयोगमा निवेदन दिएका थिए । निर्वाचन आयोगले दल दर्ताको प्रमाणपत्र हस्तान्तरणका लागि मंगलबार बोलाएको अध्यक्ष कर्णले बताए । सो पाटीको २१ सदस्यीय केन्द्रीय समिति रहेको छ ।

सो पार्टीको चुनाव चिन्ह कलश तथा पार्टीको झण्डामा माथिको आधा भाग केसरिया र आधा हरियो रंग रहेको छ ।

निर्वाचन आयोगमा नयाँ दल दर्ताका लागि गरेको हस्ताक्षर र सनाखत पछि तराई मधेस लोकतान्त्रिक पार्टीलाई छुट्टै दलको रूपमा मान्यता दिँदै दर्ता गरेको छ ।

तराई मधेस लोकतान्त्रिक पाटी नामक राजनीतिक दललाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन आयोगमा दर्ता गरिएको र आयोगबाट मङ्सिर ९ मा निर्णय भएको आयोगका सचिव गोकर्णमणि दुवाडीले जनाए ।


नेपाली काँग्रेसबाट अलग भएर महन्थ ठाकुरले तमलोपा गठन गरेको थियो । सो पार्टीका अध्यक्ष ठाकुरले ६ वटा मधेस केन्द्रित दल २०७४ सालमा एकीकरण भएर राष्ट्रिय जनता पाटी ९राजपा० नेपाल बनेको थियो । अहिले भने ठाकुरको नेतृत्वमा लोसपा छ ।

## पहिलो चरणमा देउवाले पाए २२५८ र कोइरालाले १७२९ मत

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत सभापति पदको मतगणना सकिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले दुई हजार २५८ मत प्राप्त गर्नुभएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी डा शेखर कोइरालाले एक हजार ७२९ मत प्राप्त गर्नुभएको छ भने सभापतिका प्रत्यासी प्रकाशमान सिंहले ३६०, विमलेन्द्र निधिले २३९ र कल्याण गुरूङले २० मत प्राप्त गर्नुभएको निर्वाचन समितिले जनाएको छ ।

सोमबार बिहानदेखि रातिसम्म भएको मतदानमा जम्मा चार हजार ७४३ मतदातामध्ये चार हजार ६७९ मतदाताले मतदान गरेका थिए । कांग्रेस विधानअनुसार सभापतिमा निर्वाचित हुन खसेको मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नु अनिवार्य हुनेछ । पहिलोपटक कुनै पनि उम्मेदवारले ५० प्रतिशतभन्दा बढी मत नल्याएकाले अब पुनः दोस्रो चरणको मतदान हुने भएको छ । पुनः मतदान हुँदा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ । कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य गरी १३२ पदका लागि मतदान भएको थियो ।




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# अवसरलाई सदुपयोग गरौं

सप्तरीमा सोमबार एक कार्यक्रमबीच प्रदेश २ कृषि विश्वविद्यालयको कार्यालय उद्घाटन गरिएको छ । सप्तरीमा शिक्षा सम्बन्धी कुनै पनि विश्वविद्यालय स्थापना भएको यो पहिलो हो । प्रदेश २ कृषिका लागि उर्भर भूमि हो । त्यसमा पनि सप्तरी कृषिका लागि अब्बल भूमि हो । यस्ता सह्रानिय कार्यले सप्तरीवासी निकै हर्षित भएका छन् । विश्वविद्यालय स्थापना भएसँगै जिल्लाको विकासमा एउटा नयाँ पाइला थपिएको छ । यस बाहेक जिल्लामा इन्जिनियरिङ कलेज, नर्सिङ कलेज तथा रामराजा प्रसाद सिंह विज्ञान प्रतिष्ठानको कार्यले समेतले पाइला उचालेको छ ।

विश्वविद्यालय स्थापनाले यहाँको कृषि क्षेत्रको आधुनिकीकरण एवं भुमिको व्यवस्थापनले गरिबी र बेरोजगारी समस्या हटाउनु सँगै जनशक्ती उत्पादनमा समेत ठेवा पुग्ने छ । यस जिल्लाबाट अधिक बेरोजगार यूवाहरु विदेश जाने गर्दछन् । विश्वविद्यालय स्थापना भएसँगै अब विदेश जानुको साटो यही कुनै सीप सिकेर कृषिलाई नै आधार मानेर काम गर्न प्रोत्साहित गर्ने कुरामा दुईमत नहोला । जिल्लामा विश्वविद्यालय स्थापनाले कृषि क्षेत्रमा काम गर्नेलाई झनै प्रोत्साहन गर्ने तथा यस्ता अवसरलाई पूर्णरुपले सदुपयोग गर्नेतर्फ जिल्लावासी अग्रसर हुनु आवश्यक छ ।

यो अवसर सप्तरीवासीका लागि पहिलो तर अन्तिम नभएकोले यसलाई सदुपयोग गर्नेतर्फ पूर्णरुपमा लाग्नु पर्ने देखिन्छ । अनिमात्र जिल्लाको विकासले गति लिनेछ । तसर्थ सम्पूर्ण जिल्लावासीले यसलाई सकारात्मक रुपमा मनन् गरि अगाडी बढ्नु आजको आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा भित्रियो 'बाइ प्लेन क्याथल्याब' : 'न्यूरो इन्टरभेन्सन' सेवा सुरु

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

तपाईलाई मस्तिष्काघात अथवा पक्षघात भयो ? नआत्तिहोस् तर जतिसक्दो छिटो विशेषज्ञ उपचार सेवा र प्रविधिका पहुँचमा पुग्ने प्रयास गर्नुहोला । यसो भएमा पूर्ववत् अवस्थामा फर्किने संभावना । साथै 'प्यारालाइसिल' हुनबाट जोगिन पनिसकिन्छ ।

यसका लागि नेपालमा पहिलो पटक 'बाइ प्लेन क्याथल्याब' मार्फत'न्यूरो इन्टरभेन्सन' सेवाको सुरुआत भैसकेको छ । अत्याधुनिक तथा विश्वस्तरीय सो उपकरणलाई बाँसबारीस्थित उपेन्द्र देवकोटा मेमोरियल न्यूरो हस्पिटलले विगत एकवर्षदेखि सञ्चालनमा ल्याएको हो । सोही अस्पतालमा विगत एकवर्षदेखि न्यूरो इन्टरभेन्सन सेवा प्रदान गर्दै आइरहनु भएका इन्टरभेन्सनल न्यूरो रेडियोलोजिष्ट डा. सुवास फुयालका अनुसार इन्डोभास्कुलर वा न्यूरो इन्टरभेन्सन भनेको बिना शल्यक्रिया क्याथेटरको माध्यमबाट बन्द भएको मस्तिष्कको नसाखोल्ने वा फुटेको मस्तिष्कको नसालाई रिपेयर गर्ने पद्धति हो । यस प्रविधिमा हात वा खुट्टाको नसाबाट क्याथेटर पठाएर मस्तिष्कको नसा भित्र जमेको रगत थेग्लो निकालिन्छ । टाउको नखोलिकन नै मस्तिष्कभित्रको गहिराईमा रहेको रक्तनलीभित्र शल्यक्रिया गरिन्छ र बिरामीलाई सञ्चो बनाइन्छ ।

उहाँ अल इन्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्सेज नयाँ दिल्लीबाट न्यूरो इन्टरभेन्सनमा डीएम उपाधि हासिल गर्ने पहिलो नेपाली चिकित्सक हुनुहुन्छ । उहाँले भन्नुभयो "यस पद्धतिमा शल्यक्रियाका लागि टाउको नखोलिने भएकाले बिरामीलाई छिट्टै घर पठाउन सकिन्छ । उपचारमा जोखिम समेत धेरै कम हुन्छ । मस्तिष्कको समस्या जस्तै, मस्तिष्काघात, एन्युरिजम ( रक्तनलीको फोको), घाँटीको नसा सुक्ने, मेरुदण्डको नसा सम्बन्धि समस्यामा न्यूरो इन्टरभेन्सन पद्धतिबाट उपचार गर्न सकिन्छ । "

चिकित्सकका अनुसार उच्च रक्तचापका कारण मस्तिष्कको नसा कमजोर भई 'ब्रेन हेमोरेज' पनि हुनसक्छ । यसो हुँदा विगतमा टाउको खोलेर फुटेको नसा सिलाइन्थ्यो । यसरी टाउको खोलेर शल्यक्रिया गर्दा जटिलताका साथ-साथै अस्पतालको बसाई पनि लम्बिन्थ्यो । तर अहिले एन्युरिज्मका कारण हुने ब्रेन हेमोरेज भएका व्यक्तिलाई तारको माध्यमबाट खुट्टाको नसा हुँदै च्यातिएको नसा भित्रभित्रै सिलाइन्छ । यसलाई क्वाइलिङ्ग भनिन्छ । यस्ता बिरामीहरुलाई साधारणतया ५-७ दिनभित्र घर पठाउन सकिन्छ । डा. फुयालले भन्नुभयो "तार (क्याथेटर) को माध्यमबाट शल्यक्रिया गर्दा इन्फेक्सन हुने, लामो समयसम्म सघन उपचार कक्ष (आइसियू)मा बस्नुपर्नेलगायतका समस्याबाट पनि छुटकारा पाउन सकिन्छ ।" अस्पतालका कार्यकारी अध्यक्ष प्राडा मधुदीक्षित देवकोटाका अनुसार एकवर्षका अवधिमा लगभग५०० बिरामीले'बाइ प्लेन क्याथल्याब' मार्फत 'न्यूरो इन्टरभेन्सन' सेवा लिइसकेका छन् । क्याथल्याब मार्फत मस्तिष्क भित्रको रक्तनलीसम्बन्धी रोग जस्तै नसा बन्द हुनु, रगतको नसाको फुकुण्डो फुट्नु र रगतको गुच्छा, घाँटीको नसा (क्यारोटिड) सुक्नु आदिको सफल उपचार भएको छ ।

यी सेवा प्रदान गर्न प्राविधिक रुपमा अत्यन्त चुनौतीपूर्ण मानिन्छ । उहाँले भन्नुभयो "जीवनशैली, तथा खानपानमा आएको परिवर्तन, हिँडडुल र शारीरिक व्यायामको कमी, मद्यपान र धूमपानको बानीले गर्दा रगतमा बोसोको मात्रा बढी हुँदा यसले रक्तनलीको रोग निम्त्याउँछ । यसले गर्दा उच्च रक्तचाप, मस्तिष्कघात र मुटुको समस्यामा वृद्धि भएको छ ।"डा. फुयालले भन्नुभयो "न्यूरो इन्टरभेन्सन पद्धतिमा औषधिको प्रयोगबाट थ्रम्बोलाईसिस गरी रगतको थेग्लो पगाल्ने गरिन्छ । यसका लागि मस्तिष्काघात भएको साढे चार घण्टा भित्र बिरामीलाई अस्पताल पुऱ्याउन आवश्यक छ । तर अहिले क्याथल्याव आईसकेपछि थ्रम्बेक्टोमीकोपद्धतिबाट २४ घण्टासम्म पनि यस्ता बिरामीलाई अस्पताल पुऱ्याउन सकेमा बन्द भएको ठूलो रगतको नसाबाट थेग्लो निकालेर बिरामीलाई पूर्ववत् अवस्थामा ल्याउन सम्भव भएको छ ।"

**अपत्यारिलो चमत्कार**

हालै सो अस्पतालमान्यूरो इन्टरभेन्सन सेवा मार्फत मस्तिष्काघात भएर निको हुनुभएका ३७ वर्षीय अर्जुन बस्नेतले भन्नुभयो " म हिडिरहेको थिए, एक्कासी असजिलो महशुस भई सडकमै ढलेछु । ढलेको देख्ने र श्रीमतीले न्यूरो अस्पताल पुऱ्याएछन् । मलाई केही थाहा थिएन ।तुरुन्त अस्पतालमा मेरो उपचार शुरु भएछ । राति थम्बेक्टोमी गरेर नसाको माध्यमबाट मस्तिष्कमा जमेको रगतको थेग्ला (ब्लड क्लट) निकालिएछ । फलस्वरुप राति १२ बजेतिर मेरो बोली फिर्ता आयो । यो बेलासम्म मैले आफूलाई सामान्य अनुभव गर्न थालिसकेको थिएँ । मलाई मस्तिष्काघात भएको र यति चाँडै निको भएको कुरा अस्पतालमा भेट्न आउने आफन्तले समेत पत्याएनन्।"बुझ्दा, उहाँकी आमा पनि मस्तिष्काघातभई 'प्यारालाइसिस'बाट जीवन गुजारिरहनुभएको रहेछ । उहाँले भन्नुभयो "मेरोपनि आमा जस्तै प्यारालाइज्ड भएर जीवनभर बाँच्नु पर्ने अवस्था हुन सक्थ्यो ।नयाँ प्रविधिकै कारण समयमानै सही उपचार पाएँ र १० दिनभित्र काममा फर्किएर कमाउने सक्ने भएको छु । यस प्रकारको उपचार नपाएको भए सायद जीवनभर खर्चै खर्चमा जीउनुपर्थ्यो र परिवारको पनि बिचल्ली हुने थियो होला । मेरो उपचार त अपत्यारिलो चमत्कार नै भयो ।"

**के हो मस्तिष्काघात ?**

मस्तिष्क शरिरको सबैभन्दा महत्वपूर्ण अङ्ग हो । यसमा अरबौ कोशिका हुन्छन् जिनलाई निरन्तर पोषण र अक्सिजन आवश्यक पर्दछ । यो रक्त नलीको माध्यमबाट मस्तिष्कमा पुग्दछ । डा. फुयाल भन्नुहुन्छ " मस्तिष्कको रक्तनलीमा अवरोध भए वा त्यो फुट्न गएमा मस्तिष्कमा रगत आपूर्ती कम भई स्नायु कोषिकाहरुमा तत्काल क्षति पुग्छ । यसरी उत्पन्न हुने समस्यालाई मस्तिष्काघात भनिन्छ । यसले स्नायु र स्नायुतन्तुहरुमा स्थायी क्षति पुऱ्याइ अकालमा ज्यान समेत जान सक्छ र बाँचे पनि जीवन भर विकलाङ्ग भई परनिर्भर हुनुपर्ने बाध्यता आउन सक्छ ।"चिकित्सकहरुका अनुसार मस्तिष्कमा मस्तिष्कघात भइ रक्तनली बन्द भएर उपचार नपाएको खण्डमा प्रतिमिनेट करिब २० लाख मस्तिष्कका कोशिका मर्दछन् ।

विश्वस्वास्थ्य स्वास्थ्य सङ्गठनले मस्तिष्कघातलाई आपतकालिन स्वास्थ्य अवस्था रुपमा वर्गीकरण गरेको छ । पछिल्लो समय नेपालमा मृत्युको तेस्रो कारण मस्तिष्काघात रहेको जनाइएको छ । सरकारसँग मस्तिष्काघातबाट वर्षेनी कतिजनाले अकालमा मृत्यु वरण गर्दछन् भन्ने तथ्याङ्क भने छैन ।

**मस्तिष्काघातका लक्षण**

चिकित्सकका अनुसार मस्तिष्काघात हुँदाउभिँदा शरीरको सन्तुलन नमिल्ने, आँखाले नदेख्ने वा आँखा धमिलो हुने, एक्कासी मुख एकातिर बाँङ्गीने,हातखुट्टामा कमजोर हुने, बोली नआउने वा बोली लरबराउने र शरिररको एक भाग (हर) कमजोर हुन सक्छ । ती लक्षण पहिचान गर्न चिकित्सकले छोटकरीमा 'बि-फास्ट'अर्थात् (सन्तुलन नहुन, रिङ्गटा लाग्नु, आँखा धमिलो देख्नु, अनुहार बाङ्गिनु, हातखुट्टा लुलो हुनु, बोली लरबराउनु, बोल्न नसक्नु, समय खेर नफाली अस्पताल पुऱ्याउनु) नामकरण गरेका छन् ।

**मस्तिष्काघात कसलाई हुन सक्छ ?**

५० वर्ष उमेर नाघेका, उच्च रक्तचाप भएका , धूम्रपान र मद्यपान सेवन गर्ने व्यक्ति, मधुमेह, उच्च कोलस्टेरोल भएका, तनावपूर्ण जीवनशैली जीउने व्यक्ति, मुटु तथा रक्तसञ्चार सम्बन्धी समस्या भएका, परिवारमा मस्तिष्कघातको इतिहास भएका तथा हालसालै अथवा पुरानो मस्तिष्क सङ्क्रमणले ग्रस्त बिरामीलाई यसको जोखिम हुनसक्ने जनाइएको छ ।

**मस्तिष्कघात कसरी हुन्छ ?**

डा फुयालका अनुसार मस्तिष्कघात दुई किसिमले हुन सक्छ । एक मस्तिष्कभित्रको रक्तनलीमा रगतको थेग्लो जमेर र अर्को मस्तिष्कमा रगत आपूर्ती गर्ने धमनिहरु फुटेर । दुर्भाग्यवश पक्षाघातको रोकथाम एवं उपलब्ध सेवाहरुको सम्बन्धमा जानकारी न्यून भेटिएको छ । तसर्थ हामीले त्यस दिशामा ध्यान पुऱ्याउन आवश्यक छ । अस्पतालका कार्यकारी अध्यक्ष प्राडा दीक्षितले भन्नुभयो, " प्राडा उपेन्द्र देवकोटाले यस अस्पतालको संस्थापनका उद्देश्यमा 'पक्षाघात तथा विकलाङ्गताका रोकथाममा समर्पित संस्था' भनि प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । उहाँकै मार्गदर्शनमा नेपालकै पहिलो एएसयू. (एक्यूट स्ट्रोक यूनिट) को स्थापना र वाईप्लेन क्याथल्यावको उपलब्धताले अन्तराष्ट्रिय स्तरको पक्षाघातको पूर्ण सेवा यस अस्पतालमा सम्भव भएको छ । यही नै हाम्रो संस्थापक प्रति हाम्रो सच्चा श्रद्धाञ्जली हो ।"

# संघीय संसद्ले सुशासनको सन्देश दिन सक्नुपर्छ : सभामुख सापकोटा

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

सभामुख अग्निप्रसाद सापकोटाले सङ्घीय संसद् र संसद् सचिवालयले सुशासनको शक्तिशाली सन्देश प्रवाह गर्न आवश्यक रहेको बताउनुभएको छ । पन्ध्रौँ सङ्घीय संसद् सेवा दिवसका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उहाँले इतिहासले दिएको जिम्मेवारीलाई विवेकपूर्ण ढङ्गबाट पूरा गर्दै सुशासनको सन्देश प्रवाह गर्न राष्ट्रसेवकलाई निर्देशन दिनुभयो । सभामुख सापकोटाले भन्नुभयो, "चारैतिर निराशा रहेका बेला हामीले देश र जनताको सेवामा इमान्दार, निष्ठा र अनुशासनमा रही सुशासनको शक्तिशाली सन्देश दिन सक्नुपर्छ । हामी सबै त्यसतर्फ लागौँ ।"

जीवन्त र जनमुखी मात्र होइन, जनताको ढुकढुकी र लोकधारकारुपमा रहेको संसद् सेवाका कर्मचारीलाई लोकतन्त्रको मूल्य मान्यताअनुरुप क्रियाशील हुन सुझाव दिँदै उहाँले भन्नुभयो, "म आफू पनि राष्ट्र र इतिहासले दिएको जिम्मेवारीलाई निष्ठा र इमान्दारीका साथ पूरा गर्नेछु ।"राष्ट्रियसभा उपाध्यक्ष शशीकला दाहालले संसद् सेवामा रहेका कर्मचारीलाई कार्यसम्पादन चुस्त र प्रभावकारी तुल्याउन सुझाव दिनुभयो ।

संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले कर्मचारीका सेवा सुविधा र हित संरक्षण गर्दै लक्ष्यप्राप्तिमा आवश्यक ध्यान दिइने प्रतिबद्धता जनाउनुभयो । सचिवालयका सचिव ध्रुवप्रसाद शर्माले सरकारको काम कारवाही निगरानी गर्ने संसद सेवालाई मर्यादित्, गरिमामय र आकर्षक तुल्याउने प्रयास भइरहेको बताउनुभयो ।संसद् कर्मचारी यूनियनका अध्यक्ष नवराज नगरकोटीले संसद् सेवाको ओज र सेवा सुविधा बढाउन नेतृत्वबाट पहल आवश्यक रहेको औँल्याउनुभयो ।

संसद् सेवामा आकर्षण बनाउन नसकेका कारण लोकसेवा उत्तीर्ण भएर आउने जनशक्तिलाई टिकाइ राख्न पछिल्लो समय चूनौति रहेको सो अवसरमा जानकारी दिइयो ।संसद् सेवामा वर्षभरिको कार्यसम्पादनमा अब्बल ठहरिएका उपसचिव रामकुमार पौडेललाई रु एक लाख राशिको सर्वोत्कृष्ट सङ्घीय संसद् सेवा र शाखा अधिकृत दिपाकुमारी दुलाललाई रु ७५ हजार राशिको उत्कृष्ट सङ्घीय संसद् सेवा पुरस्कार प्रदान गर्ने घोषण गरियो ।

वरिष्ठ प्रेस प्राविधिक राजेन्द्रप्रसाद लामिछाने र कार्यालय सहयोगी सिजन खनाललाई जनही रु ५०/५० हजार राशिको यस वर्षको

*बाँकी तीन पृष्ठमा*

# नागरिकता विहीनको गुनासो पहिचान खोज्न ठूलै संघर्ष

**राजु विश्वकर्मा**

जनकपुर, २८ मङ्सिर (रासस)।

नेपालमा जन्मिए लगत्तै जन्मदर्ता र १६ वर्ष उमेर पुगेपछि नागरिकता पाउने व्यवस्था छ। तर सप्तरीको बोदे बसाईन नगरपालिका-७ बगबिराका ६५ वर्षीय जिवछ सदा र ५५ वर्षीय देवनारायण सदाले अझै नागरिकता पाउन सक्नुभएको छैन्।

हरेक नेपालीले सहज रुपमा पाउनुपर्ने नागरिकता प्रमाणपत्रका लागि जनप्रतिनिधि, कर्मचारीदेखि ठूला नेतासम्मलाई गुहार गरेपनि अझै नागरिकता पाउन नसकेको सदाको गुनासो छ। सदाद्वयले नागरिकता नपाउँदा उहाँहरुको सिङ्गो परिवार अहिले आफ्नो पहिचान खोज्न ठूलै सङ्घर्ष गरिरहेका छन्। "नेपालमै जन्मिए, यही हुर्किए तर अहिलेसम्म आफू नेपाली भएको कुनै पहिचान नै पाउन सकिन", जिवछले भन्नुभयो, "घरको मूल व्यक्ति मैरै नागरिकता नभएपछि आफ्नो सिङ्गो परिवारनै पहिचान विहीन बनेको छ।"

उहाँको नागरिकता नबन्दा उहाँको श्रीमती ६० वर्षीया अमिरकादेवी सदा, उहाँको जेठो छोरा ३५ वर्षीय जीतेन्द्र सदा, बुहारी २८ वर्षीया सरस्वती सदा, जेठी छोरी २५ वर्षीय मनिष सदा र कान्छी छोरी १८ वर्षीया अनिषाले नागरिकता बनाउन पाएका छैनन्। आफ्नो नागरिकता नबनेकै कारण दुई वर्षीया नातिनी बिसु सदा र एक वर्षीय नाति सुभाष सदाको जन्मदर्तासमेत नबनेको जिवछको दुःखेसो छ।

नेपाली भएको प्रमुख पहिचाननै नागरिकता नपाएका ती परिवारका सदस्य अहिलेसम्म राज्यबाट पाउनुपर्ने सबै सेवा सुविधाबाट वञ्चित भएको दुःखसो पोखेका छन्। जन्मेपछि कानुनी रुपमा राज्यको नागरिकको फेहरिस्तमा नाम जोडिनुपर्छ तर बुबा बिलट सदाको नागरिकता नहुँदा अहिले उहाँको पूरै परिवार नै पहिचानको सङ्कटमा परेका छन्। "बुबाको नागरिकता नहुँदा मेरो जन्मदर्ता बन्न सकेन्", जिवछले भन्नुभयो, "अहिले मेरो नागरिकता नहुँदा श्रीमती र छोराछोरी नाति नातिनीसम्मको पहिचान बन्न नसकेको हो।"

जन्मदर्ता नबन्दा छोराछोरी पनि विद्यालयमा पढ्न पाएनन्, अहिले नाति नातिनीको अवस्था पनि यस्तै बनेको उहाँको कथन छ। आर्थिक विपन्नताका कारण केही समय रोजगारीका लागि भारतको पञ्जाबमा काम गरेर फर्केका सदा अब बूढेसकाल लागेकाले स्वदेशमै मेहनत गर्न चाहे पनि नेपाली भएको कुनै पहिचान नहुँदा समस्या भइरहेको उहाँको भनाइ छ। "गाउँमा नागरिकता टोली आएको बेला कमाउन पञ्जाबमा थिएँ", उहाँले भन्नुभयो, "त्यति बेला छरछिमेकको नागरिकता भयो, हामी छुटिहाल्यौं।" त्यसयता तत्कालीन गाविस कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म नागरिकताको सिफारिसका लागि धाउँदै आए तर सकिएन्।"

नागरिकताको सिफारिसको लागि जन्मदर्ता खोज्छन्, तर आफ्नो जन्मदर्ता छैन् भन्दै उहाँले नेपालमा जन्मिए, तर नेपाली भएको कुनै प्रमाण नहुँदा आफ्नो जीवन नै व्यर्थ भएको महसुस भइरहेको बताउनुभयो। श्रीमान्को नागरिकता नबन्दै ससुरा बिलट र सासू सुनरबतीको मृत्यु भएपछि आफूहरु झन समस्यामा फसेको जिवछ सदाकी श्रीमती अमिरकाको कथन छ। "नागरिकता नहुँदा राज्यको मात्रै होइन समाज तथा समुदायबाट पनि अलग हुनुपरेको छ," अमिरकादेवीले भन्नुभयो, "नागरिकताकै अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउनसमेत सकिरहेकी छैन्।" नागरिकता नहुँदा सामाजिक सुरक्षाभत्ताबाटसमेत वञ्चित रहेको उहाँको भनाइ छ।

यस्तै देवनारायण सदाको नागरिकता नबन्दा उहाँको १० जनाको परिवार पनि पहिचानको सङ्कटमा परेका छन्। नागरिकताका लागि ठूलै कसरत गरेपनि अझै सफलता नमिल्दा आफूसँगै आफ्नी ५० वर्षीया श्रीमती सुशीला, ३५ वर्षीय जेठो छोरा प्रभु सदा, २८ वर्षीया जेठी बुहारी ज्योति, कान्छो छोरा खजन सदा र २० वर्षीया कान्छी बुहारी सम्फनादेवीको पनि नागरिकता बन्न नसकेको देवनारायणको भनाइ छ।

छोरा र बुहारीको नागरिकता नबनेकाले सात वर्षीय नाति देव, तीन वर्षीय प्रेम र ६ महिनाका कृष्णाको जन्मदर्ता नबेको उहाँको भनाइ छ। "जहाँ गइयो, जे कामका लागि गइयो त्यहाँ पहिला नागरिकता नै माग्छन्", देवनारायणले भन्नुभयो, "तर सानैमा बुबाको मृत्यु भएकाले अहिलेसम्म नागरिकता बन्न सकेन्।"

नागरिकताका लागि पञ्चायतकालदेखि अहिलेसम्म सबै निकायमा धाएँ तर नागरिकता बन्नै सकेन्, उहाँको दुःखेसो छ। बगबिराका जिवछ र देवनारायण मात्र होइन्, बोदे बसाईन नगरपालिकाको विभिन्न वडाका दलित बस्तीमा नागरिकताको समस्या अझै भयाबह रहेको एक तथ्याङ्कलेसमेत देखाएको छ। वडामा जन्मदर्ता, विवाह दर्ता र नागरिकताको ठूलो समस्या पाइएपछि व्यक्तिगत घटना दर्तासँगै नागरिकता र जन्मदर्ता बनाउने अभियान सुरु गर्न लागिएको छ।

द फ्रिड्म फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले ती वडाका दलित बस्तीका हरवाचरवा परिवारलाई लक्षित व्यक्तिगत घटना दर्तासँगै नागरिकता र जन्मदर्ता बनाउने अभियान सञ्चालन गर्न लागिएको छ। दलित बस्तीमा नागरिकता र जन्मदर्ताको समस्या देखिएपनि अभियान नै चलाउन लागेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरीले बताउनुभयो।

अधिकांश दलित बालबालिका जन्मदर्ताकै कारण पढ्न नसकेको पाइएको कार्यक्रम संयोजक चौधरीको भनाइ छ। जनचेतनाको आभावमा नागरिकता र जन्मदर्ताको महत्व नबुझेर पूर्वजहरुले समयमै जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता बनाउन होस नपुऱ्याउँदा अहिलेको सन्ततिले दुःख पाइरहेको बोदे बसाईन नगरपालिका- ७ का वडाध्यक्ष बिजली कापैरको भनाइ छ। प्रमाण जुटाउन नसक्दा जन्मदर्ता र नागरिकताको सिफारिस गर्न कठिनाइ भइरहेको सुनाउँदै वडाध्यक्ष कापैरले ती परिवारको नागरिकता समस्या समाधानका लागि आवश्यक पहल भइरहेको बताउनुभयो।

# अघि बढ्यो काठमाडौं-रक्स्यौल रेलमार्गको विस्तृत अध्ययन

काठमाडौं, २८ मङ्सिर (रासस)।

तीन वर्ष पहिले नै प्रारम्भिक अध्ययन सकिएको काठमाडौं-रक्स्यौल रेलमार्गको विस्तृत अध्ययन अघि बढेको छ। डेढमहिना पहिले सरकार र भारतीय सरकारबीच सम्झौता भएपछि अहिले विस्तृत परियोजना प्रतिवेदन अघि बढेको रेल विभागले जनाएको छ। सङ्घीय राजधानी काठमाडौंलाई भारतको रक्स्यौलसँग जोड्ने सो रेलमार्गका अध्ययनमा भारत सरकारको नै लगानी रहेको छ। अक्टोबर महिनामा सम्झौता भएपछि नै भारतीय पक्ष आएर अध्ययनमा लागेको विभगका महानिर्देशक दिपकुमार भट्टराइले बताउनुभयो। अहिले १८ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो। उहाँले भन्नुभयो,"उनीहरुले त्यो समयभन्दा चाँडो सक्छौं भनिरहेका छन्।"

भारतीय पक्षले सन् २०१८ मा प्रारम्भिक (प्रिलिमनरी इन्जिनीयरिङ एण्ड ट्राफिक सर्वे) अध्ययन सकाएको महानिर्देशक भट्टराइले बताउनुभयो। पहिलो चरणको काम भए पनि अझै महत्वपूर्ण काम बाँकी रहेको छ। अहिलेको विस्तृत अध्ययनमा 'फाइनल लोकेसन सर्वेक्षण' हुने बताइएको छ। सो रेलमार्गको लम्बाइ झण्डै १३६ किमी हुने प्रारम्भिक अध्ययनका क्रममा देखिएको छ। रेलमार्ग निर्माणमा कति लगानी लाग्ने भनी एकिन नभएको महानिर्देशक भट्टराइले बताउनुभयो। विस्तृत अध्ययन हुँदा नै पहिले त्यसमा लाग्ने लगानी एकिन हुने र त्यसकै आधारमा कहाँबाट व्यवस्थापन गर्ने भन्ने छलफल हुने उहाँले बताउनुभयो।

लगानीका विषयमा कसले गर्ने र कति र कसरी गर्ने भन्ने स्पष्ट भइसकेको छैन। लगानी एकिन आएपछि त्यसकै आधारमा भारत सरकारलाई भन्ने कि अरु विकल्पमा जाने भनी टुङ्गो लाग्नेछ। भारत सरकारले निर्माण गरिरहेका दुई देश जोड्ने अरु रेलमार्ग पनि ब्रोड गेजमा निर्माण भएको थियो। दुई देश जोड्ने सो रेलमार्ग निर्माण भएर रेल सञ्चालनमा आएपछि भारतबाट आयात हुने सामान सीमासम्म ल्याउन र त्यहाँबाट सङ्घीय राजधानीसम्म लाग्ने लागत कम हुने अपेक्षा गरिएको छ।

भारतबाट आयात हुने सामानको ठूलो हिस्सा वीरगञ्जबाट आउने र त्यो सामानमध्ये काठमाडौँमा आइपुग्ने धेरै भएकाले पनि लागत कम हुनेछ। आयातका लागि कम लागत हुँदा त्यसले सामानको समेत मूल्य पनि घट्न जाने अपेक्षा गरिएको छ। सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग अघि बढाइरहेको छ भने छिमेकी देशसँग जोडिने गरी रेलमार्गको कतै अध्ययन र कतै निर्माणअघि बढाइएको छ। सन् २०१२ मा भारत सरकारसँग सीमामा पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो।

भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेल निर्माण गर्ने भनिए पनि एउटा यो र अर्को बथनाहादेखि विराटनगरको रेलमार्गमा मात्रै निर्माण भइरहेको छ। अरु तीन स्थानमा भने सुरु नै हुनसकेको छैन। केहीवर्ष पहिले चीन सरकारले काठमाडौं केरुङ रेलमार्ग निर्माणमा चासो देखाएको थियो। केरुङबाट काठमाडौं र काठमाडौंबाट पोखरा र लुम्बिनिसम्मको रेलमार्ग निर्माणका लागि छलफल भए पनि अध्ययन अघि बढ्न सकिरहेको छैन। सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माण अघि बढाइरहेको छ। सो रेलमार्ग पनि बजेटको कमी, जग्गा प्राप्तिको समस्यालगायतका कारणले गति लिन सकेको छैन।

नेपालमा राणाकालमै विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो। त्यो बन्द भएको लामो समयपछि अहिले रेलमार्ग निर्माणअघि बढिरहेको छ।

### *संघीय संसद्ले ...*

सङ्घीय संसद् सेवा पुरस्कार प्रदान गरियो। यस वर्षको संसद् सेवा दिवसको मूल नारा लगनशीलता र कर्तव्य निष्ठाः संसद् सेवाको प्रतिष्ठा तय भएको थियो। संसद्लाई स्वतन्त्र तवरले विशेषज्ञ प्रकृतिको सेवाका रुपमा स्थापित गर्न विस् २०५८ मङ्सिर २८ गते स्वायत्त संसद् सेवा गठन गर्न ऐन जारी भएको दिनको सम्झनामा सङ्घीय संसद् सेवा दिवस मनाईदै आएको छ। विगतमा केही वर्ष संसद्नरहेको अवस्थामा दिवस मनाउने काम रोकिएकामा २०६४ सालबाट पुनःआरम्भ गरिएको थियो। सभामुख सापकोटाले समारोहमा सङ्घीय संसद् सचिवालयको वार्षिक प्रकाशन स्मारिका लोकार्पण गर्नुभयो। यस वर्ष संसद् दिवसका दिन अर्थात् मंगलबारैबाट हिउँदे अधिवेशन प्रारम्भ हुँदैछ।

## विश्व समाचार

### चीनद्वारा अफगानिस्तानलाई मानवीय सहायता सामग्री पठायो

काबुल, २८ मङ्सिर (रासस/सिन्ह्वा)।

चीनले अफगानिस्तानलाई मानवीय सहायतासम्बन्धी सामग्रीको दोस्रो लट पठाएको छ। दोस्रो लटको सामग्री सोमबार काबुल आइपुगेको यहाँका अधिकारीले जानकारी दिएका छन्। चिसो मौसमका लागि भन्दै चीनले सोमबार यी सामग्री पठाएको हो। सोमबार काबुलमा आयोजना भएको एक कार्यक्रममा यी सामग्री हस्तान्तरण गरिएको हो।

रेलमार्फत् ती सामग्री सोमबार अफगानिस्तानको राजधानी काबुल पुऱ्याइएको थियो। अफगानिस्तानको तालिबान सरकारका एक उपमन्त्री र अफगानिस्तानका लागि चिनियाँ राजदूत उपस्थित एक समारोहमा सोमबार ती सामग्री प्रदान गरिएको थियो।

अफगानिस्तानका लागि रेलमा ती सागम्री ल्याइएको बताइएको छ। ती सामग्रीमा ७० हजार वटा ब्लाङ्केट र ४० हजार वटा डाउन कोट रहेका बताइएको छ। चीनले विगतदेखि अफगानिस्तानलाई सहयोग गर्दै आएको छ। यसअघि पनि चीनले खाद्यान्न र लत्ता कपडा सहयोग गरेको थियो। अहिले भने जाडो मौसमका लागि जाडो कपडा पठाइएको छ भने केही आधारभूत औषधि पनि त्यहाँ पठाइएको समाचारमा जनाइएको छ।

अफगानिस्तानका तालिबानले सशस्त्र विद्रोह गरेर यहाँको सरकारलाई विस्थापित गरेका थिए। त्यसयता यहाँका नागरिकलाई मानवीय सहयताको आवश्यकता परेको बताइएको छ।

### ब्राजिलमा अविरल वर्षा र बाढीका कारण १० को मृत्यु, २० हजारभन्दा बढी विस्थापित

रियो डि जेनेरियो, २८ मङ्सिर (रासस/सिन्ह्वा)।

ब्राजिलमा बाढीका कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या कम्तीमा पनि १० पुगेको अधिकारीले जनाएका छन्। यहाँका उद्धारसम्बन्धी अधिकारीले ब्राजिलमा गएको छ दिनदेखिको बाढीका कारण कम्तीमा पनि १० जनाको ज्यान गएको र अरु केही व्यक्ति हराएको बताएका छन्। प्राप्त समाचारअनुसार यहाँका यहाँका करिब २० हजार नागरिक घरबाट भागेर अन्यत्रै बसेका छन्। उनीहरु बढीका कारण विस्थापित भएका बताइएको छ।

बाढीका कारण यहाँका कैयौं क्षेत्रमा असर परिरहेको छ। यसबाट कम्तीमा पनि ५१ वटा सहरमा इमर्जेन्सी पनि घोषणा गरिएको छ। यहाँका केही सहरी र अधिकांश ग्रामीण क्षेत्रमा बिजुली छैन भने अविरल वर्षाका कारण छ दिन यतादेखि जनजीवन प्रभावित बन्दै गएको छ। धेरै स्थानमा सैनिक हेलिकोप्टरले उद्धार गरिरहेका छन्। केही सहायता समग्री पनि हेलिकोप्टरले पुऱ्याइरहेका बताइएको छ। यहाँका मौसम विद्ले वर्षाको प्रकोप अझै रहेकाले घरबाहिर ननिस्किन भनिरहेका छन्। उनीहरुले वर्षा र आँधीको पनि सम्भावना रहेको बताएका छन्।

### बेलायतमा ओमिक्रोनबाट पहिलो व्यक्तिको मृत्यु

लन्डन, २८ मङ्सिर (रासस/सिन्ह्वा)।

बेलायतमा ओमिक्रोन भेरियन्टबाट कम्तीमा एक जनाको मृत्यु भएको बेलायती प्रधानमन्त्री बोरिस जोन्सनले सोमबार पुष्टि गर्नुभएको छ।

ओमिक्रोन भेरियन्टको कारण अस्पतालमा भर्नामा कम्तीमा एक बिरामीको मृत्यु भएको पुष्टि भएको छ, "प्रधानमन्त्रीले पश्चिम लन्डनको प्याडिङ्गटनमा रहेको खोप क्लिनिकको भ्रमणको क्रममा भन्नुभएको छ।

यसअघि बेलायती स्वास्थ्य सचिव साजिद जाविदले ओमिक्रोनका १० जना अस्पतालमा रहेको बताउन् भएको छ। अस्पतालमा भर्ना भएकाको मृत्युदर बढ्ने चेतावनी दिनुभएको थियो। युके हेल्थ सेक्युरिटी एजेन्सीका अनुसार उनीहरुको उमेर १८ देखि ८५ बीचमा रहेको छ।

बेलायती स्वास्थ्य सचिवले ओमिक्रोन भेरियन्ट असाधारण दरमा फैलिरहेको पनि चेतावनी दिनु भएको छ। सङ्क्रमण प्रत्येक दुइदेखि तीन दिनमा दोब्बर हुँदै गइरहेको छ। यसको फैलावटको दर "हामीले पहिले कहिल्यै नदेखेको कुरा हो ' उहाँले भन्नुभएको छ।

बेलायतमा हिजो एक दिनमा ५४ हजार ६६१ नयाँ कोरोनाभाइरस सङ्क्रमित देखापरेका छन् यसैसँगै एक करोड ८७ लाख तीन हजार ४६८ जना पुगेको सोमबार जारी गरिएको आधिकारिक तथ्याङ्कमा जनाइएको छ।

यसै अवधीमा कोरोनाभाइरस सङ्क्रमणको कारण ३६ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोनाबाट बेलायतमा एक ४६ हजार ४७७ जनाको मृत्यु भएको छ। अझै पनि बेलायतमा सात हजार ३७२ जना अस्पतालमा नै उपचाररत रहेका छन्।

# 'ओमिक्रोन' भाइरस नियन्त्रणका लागि प्रदेश नं १ मा पूर्व तयारी सुरु

मोरङ, २८ मङ्सिर (रासस)।

कोरोना भाइरसको नयाँ भेरियेन्ट ओमिक्रोन भाइरस नेपालमा भित्रिन नदिने प्रदेश नं १ मा पूर्वतयारी सुरु गरिएको छ। ओमिक्रोन भाइरस नेपालमा भित्रिन नदिन प्रदेश नं १ का भारतसँग जोडिएका विभिन्न नाकामा चेकजाँचलगायत अन्य उपाय सञ्चालन गरिएको हो।विराटनगरको रानी, झापाको काकरभिट्टा र सुनसरीको भान्टाबारीमा हेल्पडेस्क राखिएको छ।

प्रदेश नं १ आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा मंगलबार यहाँ आयोजित सरोकारवालासँग आयोजित प्रदेशस्तरीय कोभिड ओमिक्रोन नियन्त्रण पूर्व तयारी छलफल कार्यक्रममा भारतमा लामो समय बस्ने नेपालीलगायत तेस्रो मुलुकबाट आउने नागरिकको स्वास्थ्य जाँच, एन्टिजेन परीक्षणका साथै १४ वटै जिल्लाका जिल्ला अस्पतालमा थप सघन उपचार केन्द्रसहित आक्सिजन प्लान्ट जडान गरिएको जनाएको छ।

सबै सीमा नाकामा अनिवार्य स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाइएको तथा मेची, उदयपुर, सङ्खुवासभा, ताप्लेजुङ, पाँचथर, धनकुटा तथा तेह्रथुम जिल्लाका जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्ने काम सम्पन्न भएको तथा ती अस्पतालमा आवश्यक स्वास्थ्य उपकरणको व्यवस्था मिलाइएको बताइएको छ। मन्त्रालयका सचिव कालीप्रसाद पराजुलीले कोरोना खोप केन्द्रको दायरा बढाउँदै खोपलाई अभियानको रुपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले कोरोनाविरुद्धको खोपको सहज उपलब्धता भएकाले विद्यालय तथा स्थानीय तहका प्रत्येक वडाका खोप केन्द्र वृद्धि गरी अभियान सञ्चालन गर्न सम्बन्धित सरोकारवालाई निर्देशन दिनुभयो।

नेपाली सेना दुई नम्बर बाहिनी इटहरीका बाहिनीपति प्रकास देउजाले प्रदेशमा सञ्चालित हेल्प डेस्कलाई व्यवस्थित गर्दै सीमानाकामा होल्डिङ सेन्टर निर्माणमा सेनाको सहयोग रहने बताउनुभयो। प्रदेश नं १ का प्रहरी कार्यालयका प्रमुख अरुणकुमार विसीले भारतसँग सीमा जोडिएको नाकामा जनचेतना वृद्धि गर्नुका साथै स्वास्थ्य चेकजाँच बढाएर ओमिक्रोन नियन्त्रण गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

सशत्र प्रहरी बल पकलीका बाहिनीपति कमल गिरीले भारतमा ओमिक्रोनको सङ्क्रमण वृद्धि भएमा नेपालमा भयावहस्थिति आउने हुनाले अहिलेदेखिनै तयारी तीव्र बनाउनुपर्नेमा जोड दिनुभयो। मोरङका सहायक प्रमुख जिल्ला अधिकारी महेशराज तिम्सिना, विश्व स्वास्थ्य सङ्गठनका चिकित्सक डा सागर पौडेल, सामाजिक विकास मन्त्रालयका निमित्त सचिव फणिन्द्र खत्री, स्वास्थ्य कार्यालय परिवार नियोजन शाखाका अधिकृत कन्हैया साह तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख शम्भु साहलगायतले प्रदेशमा कोभिड नियन्त्रण व्यवस्थापन तथा रोकथामका बारेमा भइरहेको कामको बारेमा जानकारी गराउनुभयो। यो प्रदेशमा यही मङ्सिर २६ गतेसम्म १४ लाख आठ हजार २११ (४३ दशमल ६३ प्रतिशत) लक्षित समूहलाई खोप लगाएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

# प्रतिनिधिसभाको बैठकमा ६ अध्यादेश पेश

काठमाडौँ, २८ मङ्सिर (रासस)।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा 'तेजाब तथा घातक रासायनिक पदार्थ नियमन अध्यादेश, २०७८'सहित विभिन्न छ अध्यादेश पेश भएको छ।

प्रमुख प्रतिपक्ष नेकपा (एमाले)को विरोधबीच सञ्चालित बैठकमा गृहमन्त्री बालकृष्ण खाँणकातर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्री दिलेन्द्रप्रसाद बडूले 'नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण, समन्वय), पहिलो संशोधन अध्यादेश, २०७८', र 'सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८' पेश गर्नुभयो। मन्त्री बडूले 'यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८' र 'फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८' पनि पेश गर्नुभयो। मन्त्री बडूले भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवका तर्फबाट 'रेल्वे अध्यादेश, २०७८' पनि पेश गर्नुभयो।

एमालेका तत्कालीन नेता माधवकुमार नेपालसहित १४ सांसद्लाई कारबाहीका लागि सिफारिश गरिएकामा सभामुखलले त्यसको सुनुवाइ नगरेको आरोप लगाउँदै एमालेले संसद बैठक अबरुद्ध गर्दै आएको छ। प्रतिनिधिसभाको अर्को बैठक आगामी पुस ६ गते मंगलबार दिउँसो १ बजे बस्नेछ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी


# कांग्रेस सभापतिका लागि पुनःमतदान सुरु

काठमाडौँ, २८ मङ्सिर (रासस)।

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत सभापति पदको पुनः मतदान सुरु भएको छ। सोमबार भएको निर्वाचनमा सभापति पदमा प्रत्यासी कसैको पनि ५१ प्रतिशत मत नपुगेपछि पार्टीको विधान अनुसार सभापति पदका लागि पुनःनिर्वाचन हुन लागेको हो। कांग्रेस केन्द्रीय निर्वाचन समितिले सभापति पदका प्रत्यासीमध्ये कसैको पनि कूल खसेको मतको ५१ प्रतिशत ल्याउन नसकेपछि मंगलबार अपरान्ह ३:३० देखि साँझ ७:३० बजेसम्म पुनः मतदान गर्ने तयारी गरेको समितिका संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो।

पहिलो चरणको मतदानमा प्रधानमन्त्री एवं सभापति देउवाले दुई हजार २५८ र उहाँका निकटतम प्रतिद्वन्द्वी पार्टीका केन्द्रीय सदस्य डा शेखर कोइरालाले एक हजार ७०२ मत प्राप्त गर्नुभयो। सभापतिका अन्य प्रत्यासी पूर्वमहामन्त्री सिंहले ३७१, उपसभापति बिमलेन्द्र निधिले २५० र केन्द्रीय सदस्य कल्याण गुरूङले २२ मत प्राप्त गर्नुभएको थियो।काठमाडौँको राष्ट्रियसभा गृहमा कायम गरिएको मतदानस्थलमा सभापतिका दुवै प्रत्यासी प्रधानमन्त्री देउवा र नेता कोइराला मतदान स्थलमा उपस्थित हुनुहुन्छ। यसैबीच सभापतिका उम्मेदवार प्रधानमन्त्री देउवाले मतदान गर्नुभएको छ।

सोमबार बिहानदेखि रातिसम्म भएको मतदानमा जम्मा चार हजार ७४३ मतदातामध्ये चार हजार ६७९ मतदाताले मतदान गरेका थिए। मतदानमा कूल ७६ मत बदर भएको थियो। कांग्रेस विधानअनुसार सभापतिमा निर्वाचित हुन खसेको मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नु अनिवार्य हुन्छ। पहिलो पटक कुनै पनि उम्मेदवारले ५० प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जना बीच पुनः मतदान हुन्छ। विधान अनुसार, पुनः मतदान हुँदा बढीमत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछ। यसैबीच सभापति पदका प्रत्यासी देउवालाई पहिलो चरणका सभापतिका अन्य प्रत्यासीहरु सिंह, निधि र गुरुङले समर्थन गर्नुभएको छ।


प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।
वनजङ्गल,नदीनाला,पहाडपर्वत,जडीबुटी,जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


# भारतीय नागरिक पक्राउ

काठमाडौँ, २८ मङ्सिर (रासस)।

नेपाल प्रहरीले सामाजिक सञ्जालमा महिलाको अश्लिल फोटो आफन्तलाई पठाउने एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। महानगरीय प्रहरी परिसर काठमाडौँको टोलीले वैदेशिक रोजगारको क्रममा दुबइमा एउटै कम्पनीमा काम गर्ने महिला साथीको अनुहारको भाग नग्न तस्बिरमा जोडेर ब्याल्कमेल गर्ने भारत उत्तर प्रदेशका ३१ वर्षीय मोहम्मद सालीमलाई आइतबार पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो।

परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले आफ्नै महिला साथीको अनुहारको भाग नग्न तस्बिरमा जोडेर आफन्तलाई पठाइदिने धम्की दिई महिलाको आफन्तलाई पठाइदिने सालीमलाई काठमाडौँको कलङ्कीबाट पक्राउ गरिएको जानकारी दिनुभयो।

"पक्राउ सालीमले पीडित महिलाको नामबाट नक्कली फेसबुक आइडीसमेत बनाएको अनुसन्धानमा खुलेको छ", उहाँले भन्नुभयो। पक्राउ परेका उनलाई विद्युतीय कारोवार ऐन २०६३ अन्तर्गत मुद्दा दायर गरी सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता मैनालीले बताउनुभयो।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*